## बाहिङ किरात मुलुखिम २०७९/०८० बार्षिक प्रगति प्रतिवेदन

**(१) बाहिङ पहिचानका लागि राष्ट्रिय तथ्याङ्कमा ज्ञापन पत्र बुझायो ।**

बाहिङ किरात मुलुखिमले राष्ट्रिय तथ्याङ्क विभागमा जनगणनामा घरमुलीबाट प्रदान गरेको सूचना अनुसार सत्य-तथ्य तथ्याङ्क प्रकाशन गर्नु पर्ने माग सहित अध्यक्षको नेतृत्वमा ज्ञानप पत्र सहित ध्ययन आकर्षण गऱ्यो ।

**(२) बाहिङ भाषा पाठ्याक्रम पाठ्यापुस्तक समिति मार्फत कक्षा ३ को तयारी गर्दै,**

बाहिङ किरात मुलुखिम संस्थाको विधान अर्न्तगत भाषा संरक्षण तथा संम्बर्द्धन गर्ने उदेश्य बमोजिम संस्थाको मिति २०७९ जेष्ठ २७ गते बसेको बैठकको निर्णय नं ४ ले बाहिङ भाषा कक्षा ३ को पाठ्याक्रम पाठ्यापुस्तक निर्माण तथा तयारीका लागि बाहिङ भाषा विभाग प्रमुख(बाहिङ किरात मुलुखिम उपाध्यक्ष) श्री मुगामाया बाहिङज्यूको अध्यक्षतामा, सदस्य(बाहिङ किरात मुलुखिम महासचिव) श्री धिरेन सुस्तोचा बाहिङ, सदस्य(बाहिङ किरात मुलुखिम कोषध्यक्ष) श्री कृष्ण बहादुर बाहिङ, सूचना तथा संञ्चार विभाग श्री बुद्ध विर बाहिङ, ( बाहिङ भाषा शिक्षा संयोजक सोलुका संयोजक) सदस्य श्री उद्योग बाहिङ सदस्य(नेचासल्या दयाल कार्यसमितिका अध्यक्ष) श्री हेमन्त बायुङ, सदस्य (बाहिङ किरात युवा संगठनका बरिष्ठ उपाध्यक्ष) श्री कविता बाहिङ, सदस्य (बाहिङ किरात युवा संगठनका बरिष्ठ अध्यक्ष) श्री करुणा बाहिङ, सदस्य (बाहिङ किरात युवा संगठनका बरिष्ठ महासचिव) श्री शेर बहादुर बाहिङ, सदस्य(बाहिङ किरात विद्यार्थी संगठनका अध्यक्ष) श्री तेव तोनीमी बाहिङ, र सल्लाहाकार (बाहिङ किरात मुलुखिम अध्यक्ष) श्री भूपराज बाहिङ सहित ९ सदस्यीय समिति गठनगरी कार्य अगाडी बढाईएको छ ।

**(३) स्थानीय तहमा निर्वाचित जनप्रतिनिधीहरुलाई धन्यवाद ज्ञापन प्रदान ।**

बाहिङ किरात मुलुखिमको मिति २०७९ जेष्ठ २७ गतेको बैठकको निर्णय नं ५ ले स्थानीय तहको निर्बाचन मिति २०७९ बैशाख ३० गतेको निर्बाचनमा किरात बाहिङ जातिबाट निर्वाचित हुनु भएका जन प्रतिनीधीहरुमा नेचासल्यान गा.पा सोलुखुम्बु जिल्लाबाट अध्यक्ष श्री धनजन बाहिङ, मोलुङ गा.पा ओखलढुंगाबाट अध्यक्ष श्री उत्तम राई, मानेभञ्ज्याङ्ग गा.पा ओखलढुंगाबाट श्री ज्ञानेन्द्र रुम्दाली, साँघुरी गा.पा धनकुटाबाट श्री जितेन्द्र रुम्दाली, नेचासल्यान गा.पा वडा नं १ सोलुखुम्बुबाट वडाअध्यक्षमा रमेश कुमार राई, नेचासल्यान गा.पा वडा नं ५ सोलुखुम्बुबाट वडाअध्यक्षमा श्री राजन कुमार राई, मानेभञ्ज्याङ्ग गा.पा वडा नं १ मोली ओखलढुंगाबाट वडाध्यक्षमा श्री राज कुमार रुम्दाली, चिशंखुगढी गा.पा वडा नं ४ रातमाटे, ओखलढुंगाबाट वडाअध्यक्षमा हिमाल राई, चिशंखुगढी गा.पा वडा नं ७ माम्खा, ओखलढुंगाबाट वडाअध्यक्षमा श्री मुगाधन राई, नेचासल्यान दयाल कार्यसमितिका सचिव श्री खेम राज बाहिङ नेचासल्या गा.पा वडा नं २ सोलुखुम्बुबाट वडा सदस्यमा, बाहिङ किरात बिद्यार्थी संगठन कार्यसमितिका सदस्य श्री सुधिर बाहिङ मोलुङ्ग गा.पा वडा नं ८ राँगादीप ओखलढुंगा वडाध्यक्षमा, नेचासल्यान गा.पा वडा नं २ सोलुखुम्बुबाट श्री चक्र बहादुर राई वडाध्यक्षमा, नेचासल्यान गा.पा वडा नं ३ कार्यपालिका सदस्यमा श्री प्रेम राई(अल्पसंख्याक), नेचासल्यान गा.पा वडा नं ५ सोलुखुम्बु वडा सदस्यमा श्री मिन कुमारी राई, मानेभञ्ज्याङ्ग गा.पा कार्यापालिका सदस्यमा श्री राजा बाबु किराती(अल्पसंख्याक), सि.न.पा कार्यापालिका ओखलढुंगा सदस्यमा श्री माईतिराज राई(अल्पसंख्याक), मोलुङ्ग गा.पा कार्यपालिका सदस्यमा श्री पूर्ण कुमार राई(अल्पसंख्याक) मा निर्वाचित हुनु भएकोमा मुलुखिमको हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना प्रदान गऱ्यो ।

**(४) बाहिङ मातृभाषा बर्णमालाको प्रवर्दन सिकाई सम्पन्न**

बाहिङ मातृभाषा बर्णमालाको प्रवर्दन सिकाइ २०७८ मंसिर २१ देखि २०७८ पौष १७ गते सम्मा ओखलढुंगाको मोली, रातमाटे, माम्खा, अधेरी, पंखु, सोलुखुम्बुको नेचा, खियाम्पु, दोदी सुनसरीको महेन्द्रनगर बराहाक्षेत्र, देउराली र काठमाणडौ गरि जम्मा ११ स्थानमा ३४५ सहभागिहरुलाई बाहिङ वर्णको आधरमा लेखन प्रशिक्षण सहजकर्ता श्रीमती करुणा बाहिङ र शेखर बाहिङबाट स्थलगत रुपमा गई प्रशिक्षण दिनु भएको थियो ।

४) शब्दकोश प्रकाशन

५) मिम्खा प्रकाशन

प्रतिवेदन तयारी
महासचिव
बाहिङ किरात मुलुखिम
केन्द्रिय कार्यालय, काठमाण्डौ

फोन : ९८४९१८६७८८, ९८५११४३००३
Email- bahingkiratmulukhim@gmail.com ;Web: bahingkm.org.np